# श्री इन्भेष्टमेन्ट एण्ड फाइनान्स कं. लि.

**डिल्लीबजार, गुरुजुको चौर, पो.ब.नं.:- १०७१७, काठमाडौं ।**

**फोनः** ४४२२०३८, ४४२६१४६, ४४१५३४४, **फयाक्सः** ९७७-१-४४२१७७९

**शाखा कार्यालय : हिमालयरोड, विराटनगर ।**

**फोन नं.** : ०२१-५२३०९२, ५२१७९१,

**E-mail: info@shreefinance.com.np, sifco@wlink.com.np**


## त्रैमासिक प्रतिवेदन (२०७३ कार्तिक - पौष)
## (धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०६५ को नियम २२ (२) संग सम्बन्धित)

### १ वित्तीय विवरण

यस त्रयमास अवधिको वासलात तथा नाफा नोक्सान सम्बन्धी *Unaudited Financial Results* मिति २०७३ माघ १८ गतेको आर्थिक अभियान राष्ट्रिय दैनिकमा प्रकाशित भएको छ । यस त्रयमास अवधिको प्रमुख बित्तीय अनुपातहरुमा प्रतिशेयर आम्दानी: रु. ३.२७, पि.ई. अनुपात: ९५.१७, प्रतिशेयर नेटबर्थ: रु.१३७.२३ तथा प्रतिशेयर कूल सम्पत्तीको मुल्य: रु.९२८.९६ रहेको छ ।

### २ व्यवस्थापकीय विश्लेषण

(क)अघिल्लो त्रयमासको तुलनामा यस त्रयमासमा संस्थाको निक्षेप ५.९६ प्रतिशतले तथा कर्जा सापट ८.५३ प्रतिशतले बढेको छ । संस्थाको खुद आम्दानी अघिल्लो आर्थिक बर्षको यसै त्रयमासको तुलनामा १७६.८४ प्रतिशतले बढेको छ । यस अवधिमा संस्थालाई तरलता सम्बन्धि समस्या रहेन ।

(ख)संचालक समितिबाट निर्धारण गरिएको बार्षिक कार्यक्रम अनुसारको लक्ष्य प्राप्तितर्फ संस्था सदैव क्रियाशिल रहि कार्य गर्दै आएको छ ।

(ग) विगतको अनुभवबाट संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने खालका कुनै खास घटना वा अवस्था आदि यस संस्थामा हाल बिद्यमान रहेको देखिदैन ।

### ३ कानुनी कारवाही सम्बन्धी विवरण

(क)यस त्रयमास अवधिमा संस्थाले वा संस्थाको विरुद्ध कुनै प्रकारको मुद्दा दायर भएको छैन ।

(ख)संस्थाको संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौज्दारी अपराध गरेको सम्बन्धमा कुनै प्रकारको मुद्दा दायर गरेको वा भएको छैन ।

(ग) कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै प्रकारको मुद्दा दायर भएको छैन ।

### ४ संगठित संस्थाको शेयर कारोवार सम्बन्धी विश्लेषण

यस कम्पनी तथा एभरेष्ट फाइनान्स लिमिटेड एक आपसमा *Merer* को प्रकृयामा रहि *MOU* मा दस्तखत भए पश्चात मिति २०७२ पौष १३ गतेबाट कम्पनीको शेयर कारोबार रोक्का रहेको तथा नेपाल राष्ट्र बैंकबाट मर्जरको अन्तिम स्विकृती प्राप्त भए पश्चात मिति २०७३ माघ १९ गतेदेखि एकिकृत कारोबार सञ्चालन हुदैछ ।

### ५ समस्या तथा चुनौती

यस संस्था भित्र आन्तरिक समस्या नरहेको भएपनि बाह्य समस्या एवं चुनौतीको रुपमा मुख्यतया हालको राजनैतिक अस्थिरता एवं विगतको नाकाबन्दिबाट श्रृजीत अवस्थाका कारण सम्पूर्ण लगानी क्षेत्र प्रभावित हुन जांदा कर्जाको सांवा ब्याज असुलि लगायत नयाँ कर्जा प्रवाहमा समेत केहि कठिनाई उत्पन्न भएको बाहेक अन्य खासै समस्या रहेको देखिदैन

### ६ संस्थागत सुशासन

संस्थागत सुशासन सम्बन्धमा बिभिन्न बिनियम तथा नीति नियमहरु तर्जुमा गरि लागु गरिएकोछ । यस बाहेक लेखापरीक्षण समितिबाट संस्थाको नियमित लेखापरीक्षणको क्रममा प्राप्त हुने आन्तरिक तथा बाह्य लेखापरीक्षकका प्रतिवेदन उपर व्यवस्थापनसंग आवश्यक छलफल एवं प्रतिक्रिया लिई सो सुधार गर्न संचालक समितिमा पेश गर्ने गरेको र संस्थागत सुशासन पालना गराउने तर्फ उक्त समिति सदैव क्रियाशिल समेत रहेकोछ ।

### ७ सत्य, तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु की मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सूसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन ।